# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन १३ गते ०८ साल

## भाग ६

## स्थानीय स्वायत्त शासनमन्त्रालयको

### धारा विषयक विज्ञप्ति

२००८।११।६

धाराहरुको माग धेरै बढिरहेको छ । यस मन्त्रालयमा दिन पर दिन धाराबारे अनेकन निवेदनपत्रहरु आइरहेका छन् । पब्लिकतर्फबाट निजी धारा राख्न पाउँ भन्ने निवेदनपत्रहरुको संख्या धेरै पुगिसकेको छ । हाल पानी सप्लाईको क्षमता ( Capacity ) मा विचार गर्दा पब्लिकबाट आइरहेको मागबमोजिम अरु प्रबन्ध नभएसम्म सबैलाई निजी धारा दिन असम्भव देखिन्छ । टोलटोलका बासिन्दाहरुको पीर मर्कामा यथेष्ट ध्यान दिई ठाउँ ठाउँमा जरुरतअनुसार पब्लिक धाराहरु राखिनेछन् । आशा गरिन्छ कि ठाउँठाउँमा थप भएका र थपिने पब्लिक धारा-

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हरूबाट जनसाधारणको निम्ति पानीको आवश्यकता केही अंशमा पूर्ति हुनेछ ।

अघिदेखि नै ठूला ठूला दरबारमा आवश्यकताभन्दा बढ्ता धाराहरू जडान भइराखेको थियो । अब ती ठूला ठूला महलहरूमा मानिसहरू पनि प्रशस्त संख्यामा नभई आफ्नै परिवारहरू मात्र बस्ने हुँदासमेत सो दरबारहरूमा आवश्यकता-ताभन्दा धेरै बढी धाराहरू मौजुद छन् । सर्वसाधारणलाई पानीको सारै कमी भइरहेको सबैलाई विदितै छ । त्यसकारण सबैले आवश्यकताअनुसार मात्र निजी धारा गर्नुभई आवश्यकताभन्दा बढ्ता भएको धाराहरू कटाउन पानी अड्डा अथवा मन्त्रालयमा सूचना दिनुभएमा सर्वसाधारणका निमित्त आवश्यकता-बमोजिम धाराको बन्दोबस्त हुनसक्ने थियो । सबै महानुभावहरूले नागरिक भावनाको इज्जत गरी पानीविना दुःख पाइरहेका जनताहरूको सहायता गर्नु-पर्दछ । घरघरमा आवश्यकताभन्दा बढ्ता धाराहरू जडान भइरहेमा पब्लिकहरू-लाई धेरै असुविधा हुने हुँदा आफ्नै इच्छाबाट चाहिंदोभन्दा बढी धारा आ-फैले नकटाएमा सरकारबाटै जाँच गरी चाहिंदो धारा मात्र राखी बढी धारा पब्लिक हितको लागि कटाउन बाध्य हुनुपर्नेछ ।

सरकारबाट धारामा टेक्स लगाउने बिचार भएको छ । कुन सिद्धान्तको आधारमा टेक्स लगाउने हो, यसबारे पूर्णतया निर्णय भइसकेको छैन । सकेसम्म मागबमोजिम सबैलाई धारा दिने, कसैलाई पनि धाराको तोकिएको संख्याभन्दा बढ्ता धारा जडान गर्न नदिने विचार भएको छ । तसर्थ आवश्यकताभन्दा बढ्ता जडान भइराखेको धाराहरू कटाउनुहोला । पानीको अभावले हाल निजी धारा दिन असमर्थ हुनाले निजी धाराको निवेदनपत्रवालाहरूलाई सो प्रबन्ध नभएसम्म प्रतिक्षा गर्नुहोला भन्नेसमेत अनुरोध गरिन्छ ।

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।